बसबरिया गाँउपालिका
गाउकार्यपालिकाको कार्यालय,भवानीपुर

"खुला दिसालाई विदावारी,पुर्ण सरसफाइको यात्रा जारी"

बसबरिया गाउपालिका लाई सर्लाही जिल्लाको पहिलो खुला दिसामुक्त गाउपालिका घोषणा कार्यक्रमका अवसरमा बसबरिया गा.पा.सर्लाहीको सरसफाई सम्बन्धी हाते पुस्तिका

आजको यस कार्यक्रमका प्रमुख अतिथि प्रदेश सभा सदस्य विधायक श्री विरेन्द्र प्रसाद सिंहज्यू,
विशिष्ट अतिथि प्रदेश सभा सदस्य विधायक श्री संजय यादवज्यू,
विशेष अतिथि जिल्ला समन्वय समिति सभापति श्री मेथुर चौधरीज्यू,
विशेष अतिथि भु.पु. माननीय श्री किरण कुमारी यादवज्यू,
विशेष अतिथि प्र.जि.अ. श्री कृष्ण बहादुर कटुवालज्यू,
अतिथि : बरहथवा नगरपालिकाका प्रमुख श्री देवानन्द महतोज्यू,
बागमती नगरपालिकाका प्रमुख श्री भरत थापाज्यू,
गोडैता नगरपालिकाका प्रमुख श्री देवेन्द्र यादवज्यू,
धनकौल गाउपालिकाका अध्यक्ष श्री रामआश्रय साहज्यू,
विष्णु गाउपालिकाका अध्यक्ष श्री जवाहर रायज्यू,
चकघट्टा गाउपालिकाका अध्यक्ष श्री विक्रम यादवज्यू,
जिल्ला समन्वय अधिकारिज्यु,
जिल्लास्तरका नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल सेनाका प्रमुखज्यू,
खानेपानी तथा सरसफाइ डिभिजन प्रमुख लगायत जिल्लाबाट पाल्नुभएका विषयगत कार्यालय प्रमुखज्यु,
D-WASH-CC का पदाधिकारीज्युहरु,
गाउपालिकाका उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरू लगायत गाउसभाका सदस्यहरू,
जिल्ला सरसफाइ दुत,स्थानी सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधिज्यूहरू, बागमती सेवा समाज, un-habitat UNFPA का प्रतिनिधिज्यूहरू, पत्रकार मित्रहरू,
गाउपालिकाभित्रका सम्पूर्ण राजनितीक दलका अगुवा, बुद्धिजीवी, समाजसेवी, सरसफाइ अभियन्ताहरू,
प्रमुख प्रशासकीय अधिकृतलगायत गाउपालिका र वडा कार्यालयका सम्पूर्ण कर्मचारी वर्ग, स्वास्थ्य चौकी, विद्यालयका प्र.अ. लगायत सम्पूर्ण कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरू,
आम जनसमुदाय ।।।

१. पृष्ठभुमि : बसबरिया गाउपालिका सर्लाही जिल्लाको सदरमुकाम मलंगवाबाट १७ किमि उत्तर पश्चिममा अवस्थित छ । यस गापाको पुर्वमा चक्रघटा गापा, पश्चिममा वागमति नदी, उत्तर बरहथवा नपा तथा दक्षिणमा गोडैता नपा र धनकौल गापा रहेका छन

। २९.४२ वर्ग किमि क्षेत्रफलमा फैलिएका यस गापा जम्मा ३९७१ घरधुरी रहेका छन भने २०६८ सालको जनगरणा अनुसार यस गापाको कुल जनसंख्या २३५६८ रहेको छ।

दिगो विकासको लक्ष्य, नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिवद्धता अनुरुप D-WASH-CC ले सर्लाही जिल्लालाई २०७४ चैत्र मसान्तभित्र खुला दिसामुक्त जिल्ला घोषणा गर्न लागिपरेको तत्कालिन अवस्थामा स्थानीय तहको निर्वाचनपश्चात बसर्बरिया गाउपालिकाले उक्त लक्ष्यको अपनत्व लिई यो अभियानलाई सफल बनाउन आफ्नो वार्षिक नीति, कार्यक्रममै समावेश गरेको थियो । विशेष गरी बागमती सेवा समाज, नेपालको सहजीकरणमा मिति २०७४।०७।०५ मा RM-WASH-CC को गठन भएपश्चात सो समितिले विभिन्न संघसंस्था सगको सहकार्यमा "खुला दिसामुक्त अभियान" सिलसिलावद्ध चरणले आफ्नो कार्य सम्पन्न गरेको छ । गाउपालिकावासीले सरसफाईप्रति देखाएको तदारुकता माथै गरेको सहयोग र बागमति सेवा समाज नेपालको सहजीकरणका जसको परिणाम हो आज मिति २०७५।०१।०९ गतेका दिन खुला दिसामुक्त गाउपालिकाको रूपमा घोषणा हुन सफल भएको छ ।

आजको यस घोषणापूर्व यस गापाका ६ वडाहरू मध्ये वडा नं. ३,४,५ (साविकका धनगढा र भवानीपुर गाविस) खुला दिसामुक्त गाविस घोषणा भइसकेका थिए । बाकी वडाका पनि सम्पुर्ण घरहरूमा चर्पी निमार्ण कार्य सम्पन्न भएपश्चात M/W-WASH CC बाट विभिन्न चरणमा समुदायका प्रत्येक घरमा गई अनुगमन गर्ने कार्य सम्पन्न भयो । त्यसैगरी, यस गापाको अनुरोधमा D-WASH CC को टोलीले मिति २०७४।१२।१७ गतेका दिन यस गा.पा.को अनुगमन गरी चर्पी निर्माण र सरसफाईको सन्तोषजनक अवस्था देखि खुला दिसामुक्त घोषणाका लागि अनुमति प्रदान गर्‍यो । फलतः सन २०१६ को प्रारम्भसगै भएको यस अभियानको सफलता संगै हामी आजको यस सुन्दर र गरिमामय घडीमा उपस्थित भएका छौ ।

यस अभियानलाई हाम्रो जस्तो न्युन सरसफाई चासो भएको समुदायमा जनस्तरसम्म पुर्‍याउनु र जनतालाई बुझाउनु कम चुनौतिपुर्ण र कठिन कार्य थिएन । तर पनि अभियान जनताको घरदैलोसम्म पुगेरै छाड्यो । स्थानीय तहको अगुवाई, जनताको सहभागिता तथा UN-Habitat तर बागमती सेवा समाज लगायतका साझेदार संघसंस्थाहरूको सहजीकरणमा एक चरणको अभिभारा पुरा भएको छ । त्यसैगरी, स्वास्थ्य र वातावरणका दृष्टिले आजको उत्कृष्ट अवस्थासम्म ल्याई पुर्‍याउन सहयोग गर्ने सबै सरोकारवालाहरू प्रति गाउपालिका परिवार कृतज्ञ छ ।

२ उद्देश्य : चर्पीका महत्व बारे जनचेतनामुलक अभियान संचालन मार्फत सम्पुर्ण घरधुरी चर्पी निर्माण र प्रयोगको वातावरण सृजना गरी पानीजन्य रोगहरूलाई न्युनिकरण गर्ने साथै सफा र स्वच्छ वातावरणमा बाच्न पाउने मानवअधिकारलाई सुनिश्चित गर्ने ।

३. लक्ष्य : यस गाउपालिकामा बसोवास गर्ने सम्पुर्ण घरधुरीका लागि आधारभुत तहको सरसफाई सुविधा र सुरक्षित खानेपानीको पहुच स्थापित गर्ने साथै पुर्ण सरसफाइका सुचकहरू हासिल गर्ने ।

बसर्बरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भवानीपुर, सर्लाही
२०७४

४. रणनीति : सचेतनामुलक क्रियाकलापहरू मार्फत जनताको सरसफाइ र सुरक्षित पानीप्रतिको चासो र लगाव अभिवृद्धि गरी स्वच्छ र स्वस्थ समाजको निर्माण गर्न मुख्य रणनीति रहेको छ । यस अलावा :

क) समुदाय र विद्यालयको अगुवाईमा पुर्ण सरसफाई कार्यक्रम,

ख) स्थानीय तहको नेतृत्व,

ग) संघसंस्थाहरू संगको साझेदारी तथा सहकार्य

घ) पुर्ण सरसफाइ तथा सुरक्षित खानेपानी कार्यक्रम,

ङ) ठोस तथा तरल फोहोरमैला र दिसाजन्य लेदो व्यवस्थापन आदि ।

५. अभियानका क्रममा संचालित मुख्य क्रियाकलापहरू :

क) विभिन्न तहमा सरसफाइ समितिहरूको गठन, पुर्नगठन, अभिमुखिकरण तथा परिचालन

ख) विद्यालयहरूमा बालक्लव गठन तथा परिचालन, सरोकारवालाहरूको क्षमता विकासका लागि अभिमुखिकरण तालिम सचालन तथा परिचालन,

ग) घरदैलो, सडक नाटक, भिडियो प्रदर्शनी, भित्ते लेखन, होडिङ्गबोर्ड, मिडिया परिचालन जस्ता जनचेतनामुलक क्रियाक्लापहरू संचालन,

घ) सरसफाई प्रज्वलकहरू विकास तथा वितरण

ङ) संघर्ष शिविर स्थापना तथा आन्दोलनको रूपमा अभियान, सरसफाई सग सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय दिवस मनाउने लगायतका विभिन्न क्रियाकलाप संचालन गरिएको ।

६.अभियानका सहयोगी संघसंस्था तथा निकायहरू :

| क्र.स. | दातृ निकाय | स्थानीय साझेदार संस्था तथा निकाय |
|---|---|---|
| १ | GSF/UN-Habitat | बागमती सेवा समाज नेपाल, सर्लाही |
| २ | Fund Board | |

अभियानका सहयोगी निकायहरू :
१. जिल्ला प्रशासन कार्यालय, सर्लाही
२. जिल्ला समन्वय समिति, सर्लाही
३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सर्लाही
४. जिल्ला प्रहरी कार्यालय, सर्लाही
५. सशस्त्र प्रहरीबल, परिवार, सर्लाही

७. वर्तमानमा मुख्य चुनौतको रूपमा खुला दिसामुक्त अवस्थालाई दिगोपना दिदै मानिसका सरसफाई र खानेपानी सम्बन्धी सम्पुर्ण व्यवहारहरूमा सकारात्मक परिवर्तन ल्याउन सक्नु नै

हो। यसका लागि पुर्ण सरसफाईको बाटोतिर अघि बढ्नुको विकल्प छैन । त्यसैले सरसफाईको अवस्थालाई थप मजबुत पार्नका लागि सबै पक्षको सहयोग तथा सल्लाह सुझावको अपेक्षा गरेका छौं । RM-WASH-CC ले यस चुनौतिको चिरफार गरी पुर्ण सरसफाइमा सबैको पहुच विस्तार गर्न निम्नानुसारका रणनीतिलाई अझै सशक्त ढंगबाट लागु गर्ने योजना बनाएको छ ।

क) चर्पीको प्रयोग भए/नभएको खबरदारी गर्ने तथा अवस्था अनुसार पुरस्कार र दण्डको व्यवस्था गर्ने,
ख) बाहिर दिसा गर्नेलाई दण्ड जरिवानाको दायरामा ल्याउने,
ग) साबुन पानीले हातधुने बानीको विकास तथा व्यवहार परिवर्तनमा विशेष जोड दिन अभियान संचालन गर्ने ।
घ) सुरक्षित पिउने पानीको महत्व र प्रयोगमा जोड दिने ।
ङ) टोल-टोल बीच सरसफाई नमुना गाउ बनाउने विषयमा प्रतिश्पर्धा गराउने तथा पुरस्कृत गर्दै जाने, क्रमिकरूपले धुवामुक्त, प्लाष्टिक मुक्त गाउ बनाउदै लैजाने,
च) खानेपानी तथा सरसफाईलाई अन्य विकासका मुद्दाहरू झै प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तय गरी बजेट विनियोजन गर्ने ।

छ) सरसफाइलाई आय आर्जनको संग जोड्न विभिन्न उपायहरूको अध्ययन गर्ने तथा अवलम्बन गर्ने ।

७. यस गापाको सरसफाई सम्बन्धी आचार संहिता :

क) सबै घरधुरीले अनिवार्यरूपमा चर्पी प्रयोग गर्नुपर्ने,
ख) दिसा गरेपछि, बच्चाको दिसा धोएपछि, खाना खानुपछि, बच्चालाई खुवाउनु अघि, खाना तयार गर्नुअघि र फोहोर छोएपछि अनिवार्यरूपमा साबुन पानीले हातधुनु पर्ने,
ग) चर्पी, घरआंगन, टोल, गाउ, बाटोघाटो, विद्यालय सधै सफा राख्नु पर्ने,
घ) घरबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन स्वय घरमालिकले गर्नुपर्ने,
ङ) माथि उल्लेखित पालना भएनभएको अनुगमन गर्ने दायित्व र उत्तिकै जिम्मेवारी सम्पुर्ण स्थानीयबासीहरूले स्वय लिनु पर्ने ।

९) निष्कर्ष : लामो, अथक, अनि साझा प्रयासबाट बसबरिया गाउपालिका खुला दिसामुक्त घोषणा भई आजबाट सरसफाइको नया युगमा प्रवेश गरेको छ । यस सुखद घडीमा गाउपालिकाको तर्फबाट सबै गाउवासीमा अपार खुसी साटन चाहन्छौ । आउदा दिनहरूमा पनि हामी सबै गाउपालिकाबासी सरसफाइका चुनौतीहरूको डटेर सामना गर्नेछौ । हातमा हात, काधमा काध मिलाई अघि बढ्नेछौ ।

अन्त्यमा यस अभियानलाई यहासम्म पुऱ्याउन आआफ्नो तहबाट सहयोग गर्नुहुने D-WASH-CC का पदाधिकारीज्युहरू, गाउपालिका परिवार, साविक गाविसका सचिव तथा V-WASH-CC का पदाधिकारीज्युहरू, वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिमा रहेर काम गर्नुभएका सम्पुर्ण पदाधिकारीज्युहरू, विद्यालय परिवार, राजनैतिक दलका प्रतिनिधिज्युहरू, सहयोग तथा सहजीकरण गर्ने UN-Habitat तथा बागमति सेवा समाज लगायतका संघसंस्थाहरू, जिल्ला सरसफाई दुत, सरसफाई प्रवर्द्धकज्युहरू, सामाजिक

बसवरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भवानीपुर सर्लाही
प्रदेश नं. २
२०७४

परिचालकज्यु, महिला स्वास्थ्य स्वयंसेवककाज्यु, महिला समुहहरू, युवा क्लवहरू, बाल क्लवहरू, बुद्धिजीवि, पत्रकार, सामाजिक अगुवा, किसान, व्यापारी, सुरक्षा कर्मी, आमजनसमुदाय, आदि सबैमा हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछौ ।

आगामी दिनमा यस गाउपालिकालाई पुर्ण सरसफाइयुक्त बनाउने अभियानमा पनि यहांहरूको यस्तै साथ र सहयोगको अपेक्षा गरेका छौ ।

यस घोषणा सभाको सोभा वढाउन पाल्नुभएका प्रमुख अतिथि, विशिष्ट अतिथिज्यु, विशेप अतिथिज्युहरू, लगायत सम्पुर्ण अतिथिज्युहरू तथा सम्पुर्ण उपस्थित महानुभावहरूमा हाम्रो निमन्त्रणा स्वीकार गरी यस कार्यक्रममा उपस्थित भई कार्यक्रमको शोभा वढाईदिनु भएकोमा हृदय देखि धन्यवाद दिन चाहन्छौ । सवैमा हार्दिक धन्यवाद तथा आभार ।

(मिति २०७५।०१।०९)

लगाऔ चर्पी जाने बानी, पिउने गरौ सुरक्षित पानी।
यिनै दुई बानीले बनाउछ, स्वस्थ र सुन्दर जिन्दगानी।

**राम अयोध्या यादव**
**अध्यक्ष**
**बसवरिया गाउँपालिका, सर्लाही**